३१. आ.व. २०७५/०७६ मा जयपृथ्वी नगरपालिका वडा नं. ११ अन्तर्गत काप्रीकोट, डाँडागाउँ, माधुकाटीयाँ समेतलाई पायक पर्ने गरी टाउखोलामा सार्वजनिक कुटानी पिसानी घट्ट निर्माण गर्ने र आ.व. २०७६/०७७ को बजेटबाट धामिलेक पिठालेकलाई पायक पर्ने मर्माल्या गाजरामा सार्वजनिक घट्ट निर्माण गर्ने निर्णय गरियो ।

३२. बालविवाह अन्त्इका लागि बझाङ्ग जिल्ला रणनीतिक योजनालाई अनुमोदन गरी कार्यन्वयन गर्दै सन २०३० सम्म यस जयपृथ्वी नगरपालिका भित्र बालविवाह अन्त गर्ने निर्णय गरियो ।

३३. NO HOme Delivery घरमा प्रसुती नहुनेलाई न्युन गर्दै शत प्रतिसत स्वास्थ्य संस्थामा सुत्केरी हुने व्यवस्था गरिने निर्णय गरियो ।

३४. सबै स्वास्थ्य संस्थामा गुणस्तरीय किशोर किशोरी मैत्री यौन तथा प्रजनन् सेवा संचालन गरिने निर्णय गरियो ।

३५. जयपृथ्वी नगरपालिका अन्तर्गतका मा.वि. विद्यालयमा किशोर किशोरी मैत्री सूचना केन्द्र स्थापना गर्ने निर्णय गरियो ।

३६. आगामी बर्ष नगर स्तरीय योजना छनौट गर्दा ५ लाख भन्दा माथिका योजना बनाउने निर्णय गरियो ।

३७. यस जयपृथ्वी नगरपालिका भित्र १ घर १ करेसावारी, १ व्यक्ति २ वटा गोठको अवधारणालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

३८. अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) स्थापना तथा संचालन गर्ने निर्णय गरियो ।